आज मिति २०७९।१२।०८ गते बुधवारका दिन बिहान ८:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०७९/८० को १७ औ बैठक तपशिलको उपस्थितिमा गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा सम्पन्न भयो।

तपशिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिट्ठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य -सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

जोम बहादुर पुन    कार्यवाहक वडा अध्यक्ष 6

अन्य उपस्थिति:

१) रमेश थापा, सूचना प्रविधि अधिकृत
२) प्रेम पराजुली, लेखापाल

# अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल ।

कार्यपालिका बैठक मिति : २०७९।१२।०८ गते

समय : विहान ८ बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्विकृत मिति : २०७९।१२।०३ गते

**छलफलका एजेण्डाहरु:**

१) पुर्व निर्णयको समिक्षा सम्बन्धमा,
२) त्रैमासिक समिक्षा तथा सार्वजनिक सुनुवाई सम्बन्धमा,
३) एम्बुलेन्स व्यवस्थापन सम्बन्धमा,
४) सवारी साधन व्यवस्थापन सम्बन्धमा,
५) कार्यालय सामग्री फर्नीचर तथा मेशिनरी औजार खरिद सम्बन्धमा,
६) सार्वजनिक खरिद नियमावली संशोधन सम्बन्धमा,
७) खर्च निर्देशिका सम्बन्धमा,
८) राजश्व व्यवस्थापन सम्बन्धमा,
९) करार कर्मचारी व्यवस्थापन सम्बन्धमा,
१०) आर्थिक सहयोगको लागि पेश हुन आएका निवेदन सम्बन्धमा।
११) आगामी आ.व.का लागि गण्डकी प्रदेशमा समपुरक र विशेष योजना पेश गर्ने सम्बन्धमा,
१२) प्रारम्भिक वातावरणीय (IEE) र संक्षिप्त वातावरणीय अध्ययन (BES) कार्यविधि तयार गर्न समिति गठन गर्ने सम्बन्धमा,
१३) अध्यक्ष कप प्रतियोगिता सम्बन्धमा,
१४) सडक गुरुयोजना निर्माण सम्बन्धमा,
१५) एक स्थानिय तह एक औधौगिक ग्राम सम्बन्धमा,
१६) प्रशासकीय भवन निर्माण सम्बन्धमा,

विविध समसामयिक विषयवस्तु ।

भारत कुमार पुन
अध्यक्ष

**निर्णय १:**

प्रस्ताव नं १ उपर छलफल गर्दा कार्यपालिकाको मिति २०७९।११।१४ गतेको निर्णयहरु समिक्षा गरियो ।

**निर्णय २:**

प्रस्ताव नं २ उपर छलफल गर्दा गाउँपालिका स्तरीय त्रैमासिक समिक्षा तथा सार्वजनिक सुनुवाई २०७९।१२।१८ गते शनिवार गर्ने ।

**निर्णय नं. ३:**

प्रस्ताव नं ३ उपर छलफल गर्दा एम्बुलेन्स व्यवस्थापन सम्बन्धमा एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ को दफा ४ अनुसार तपशिल सदस्य रहने गरि समिति गठन निर्णय गर्ने गरियो ।

संयोजक : ओम प्रसाद फगामी, सामाजिक विकास समितिको संयोजक

सदस्य : विष्णु गर्बुजा, सामाजिक विकास समितिको महिला सदस्य

सदस्य: श्याम पुर्जा, वडा-४ सदस्य

कोषाध्यक्ष: आशा गुरुङ, कार्यपालिकाको महिला सदस्य

सदस्य-सचिव: समुन्द्र बरुवाल, स्वास्थ्य शाखा प्रमुख

**निर्णय नं. ४:**

प्रस्ताव नं ४ उपर छलफल गर्दा सवारी साधन व्यवस्थापन सम्बन्धमा अन्नपूर्ण गाँउपालिका भित्र रहेका तथा वडा कार्यालयमा रहेका पुराना मोटरबाइकहरु पालिकामा जम्मा गरि एक मुष्ट मर्मत गरि प्रयोग गर्न सकिनेलाई प्रयोगमा ल्याउने तथा मर्मत गरि चलाउन नसकिनेको हकमा लिलामीको प्रकृया अघि बढाउने निर्णय गरियो । साथै मेशिनरी तथा औजार शिर्षकबाट सवारी साधन शिर्षकमा रु ७,५०,०००।- बजेट कायम गरि प्रमुख प्रशासकीय अधिकृतको लागि एउटा मोटरबाईक तत्काल खरिद प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं ५:**

प्रस्ताव नं ५ उपर छलफल गर्दा गाउँपालिका कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुबाट माग भई आएका कार्यालय सामग्री फर्नीचर तथा मेशिनरी औजार आवश्यकता र औचित्य तथा बिनियोजित बजेटलाई ध्यानमा राखि सामग्रीहरुको खरिद प्रकृयामा लैजाने ।

**निर्णय ६:**

प्रस्ताव नं ६ उपर छलफल गर्दा सार्वजनिक खरिद नियमावली २०६४ उपर नेपाल सरकारबाट भएका हालसम्मका संशोधनहरुलाई मध्यनजर गरि अन्नपूर्ण गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ का आवश्यक बुदाहरु संशोधन गरि अन्नपूर्ण गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ (पहिलो संसोधन) पारित गरि राजपत्रमा प्रकाशन गर्ने ।

**निर्णय नं ७:**

प्रस्ताव नं ७ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७९ स्विकृत गरि पारित गर्ने ।

**निर्णय नं ८:**

प्रस्ताव नं ८ उपर छलफल गर्दा गाउँपालिका तथा वडा कार्यालयबाट उठाइने कर तथा राजश्व व्यवस्थापनलाई प्रविधिमैत्री बनाउनं अनलाईन राजश्व व्यवस्थापन सफ्टवयर खरिद गरि सञ्चालनमा ल्याउने ।

**निर्णय नं ९:**

प्रस्ताव नं ९ उपर छलफल गर्दा गाउँपालिकामा रहेका करार कर्मचारी व्यवस्थापन सम्बन्धमा अनावश्यक तथा खास प्रकृतिका जिम्मेवारी नभएका कर्मचारीहरु करारमा नियुक्ती नगर्ने निर्णय गरियो । साथै गाउँ कार्यपालिका कार्यालय व्यवस्थापनको लागि एक जना ज्यालादारी कार्यालय सहयोगी नियुक्ती गर्न विज्ञापन गर्ने ।

**निर्णय नं १०:**

प्रस्ताव नं १० उपर छलफल गर्दा तपशिलको व्यक्ती तथा संस्थाहरुलाई तपशिल बमोजिमको लागि आर्थिक सहयोग निर्णय गरियो ।

- अन्नपूर्ण गाउँपालिका वडा नं ६ बस्ने दिपक बरुवाल ले आफ्नो आर्थिक अवस्था कमजोर रहको र BSC को चौथो बर्षको प्रोजेक्ट वर्क गर्नको लागि आर्थिक सहायताको लागि निवेदन पेश गरेकाले निजलाई रु २५,०००।– ( अक्षेरुपी रु पच्चिस हजार मात्र) दिने निर्णय गरियो । साथै आगामी दिनहरुमा गाउँपालिकाले छात्रवृति सम्बन्धि कार्यविधि निर्माण गर्ने यस्तै प्रकारको निवेदनहरुलाइ सम्बोधन गर्ने ।
- संयुक्त राजनीतिक दलित संघर्ष समितिले मिति २०७९।११।२३ अन्तराष्ट्रिय जातिभेद तथा रंगभेद उन्मुलन दिवस मनाउन पेश गरेको प्रस्ताव स्विकृत गरि उक्त समितिलाई रु २१,०००।– ( अक्षेरुपी रु एक्काइस हजार मात्र) दिने ।
- अन्नपूर्ण गाउँपालिका वडा नं ७, हिस्तानमा रहेको श्री लक्ष्मी गर्बुजा को भेडा गोठमा चट्याङमा परि २५ वटा भेडा तथा वडा न. ६ घारको श्री राम बहादुर गर्बुजाको २ वटा भेडा मरेकाले प्रति भेडा रु एक हजारको दरले राहत उपलब्ध गराउने ।
- अन्नपूर्ण गाउँपालिका वडा नं ५ शिखको श्री ठाकुर पुर्जा पुनको आगलागीबाट दुई तले गोठ पुर्ण नष्ट भएकाले निजलाई रु २५,०००।– ( अक्षेरुपी रु पच्चीस हजार मात्र) दिने ।
- अन्नपूर्ण गाउँपालिका वडा नं. ६ घार निवासी श्री लाल गिरिको मिति २०७९।१२।०७ गते गाउँपालिकाको योजना सम्बन्धी कार्य गर्दागर्दै दुर्घटनामा परि मृत्यु भएकाले मृत्यु संस्कारलाई निजको परिवारलाई रु २०,०००।– ( अक्षेरुपी रु बिस हजार मात्र ) आर्थिक सहायता प्रदान गर्ने ।

**निर्णय नं ११:**

प्रस्ताव नं ११ उपर छलफल गर्दा गण्डकी प्रदेशमा पेश गर्ने समपुरक तथा विशेष योजना सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने ।

**निर्णय नं १२:**

प्रस्ताव नं १२ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण गर्न बनेको ऐन, २०७६ को दफा ६(४) अनुसार प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र संक्षिप्त वातावरणिय अध्ययन (BES) सम्बन्धी कार्यविधि तयार गर्न निम्न समिति गठन गर्ने ।

संयोजक: अमृत सुवेदी, प्रमुख प्रशासकीय अधिकृत

सदस्य : दिलिप कुमार गर्बुजा, वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक

सदस्य : ई. ईश्वर भण्डारी, भौतिक पुर्वाधार शाखा प्रमुख

**निर्णय नं १३:**

प्रस्ताव नं १४ उपर छलफल गर्दा परामर्श सेवा मार्फत गाउँपालिकाको सडक गुरुयोजना निर्माण गर्ने ।

**निर्णय नं १४:**

प्रस्ताव नं १५ उपर छलफल गर्दा एक स्थानिय तह एक औद्योगिक ग्राम स्थापनाका लागि जग्गा व्यवस्थापन गर्ने प्रयोजनको लागि निम्न समिति निर्माण गर्ने ।

संयोजक: मइलन पुर्जा पुन, वडा न. ७ अध्यक्ष

सदस्य: लोक बहादुर फगामी, वडा नं. ४ अध्यक्ष

सदस्य : राम बहादुर खड्का, वडा न. ६ अध्यक्ष

**निर्णय नं १५:**

प्रस्ताव नं १३ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकाको बार्षिक स्विकृत कार्यक्रम युवा तथा खेलकुद शिर्षकमा व्ययभार हुने गरि २०७९ चैत २७ देखि २०८० बैशाख १ गते सम्म अन्नपूर्ण वडा नं. ७ हिस्तानमा अन्नपूर्ण अध्यक्ष कप प्रतियोगिता सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं १६:**

प्रस्ताव नं १६ उपर छलफल गर्दा स्थानिय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ अनुसार प्रशासकीय भवन निर्माण गर्नको लागि जग्गा आवश्यक परि निशुल्क लिने प्रयोजनको लागि सूचना प्रकाशन गरिएकोमा सो उपर हालसम्म कुनै निवेदन प्राप्त हुन नआएकाले तेस्रो पटक सूचना प्रकाशन गर्ने ।

**निर्णय नं. १७:**

विविध उपर छलफल गर्दा देहाय बमोजिम गर्ने :

- वडा नं ४ नारच्याङ वडा कार्यालयबाट अन्नपूर्ण आधार शिविर जाने बाटोमा पर्ने गुरास डाँडा को दुई वटा झोलुङ्गे पुलमा पहिरो गई क्षत विक्षत भएकाले स्वदेशी तथा विदेशी पर्यटकलाई आवतजावतमा कठिनाई भएकाले उक्त दुई वटा झोलुङ्गे पुल मर्मतको लागि रु १५०,०००।– विपत व्यवस्थापन कोषबाट खर्च लेख्ने गरि मर्मत सम्भार अघि बढाउने ।
- चिस्यान केन्द्र निर्माणको लागि सम्भाव्य जग्गा व्यवस्था गरी आगामी बैठकमा पेश गर्न सवै वडाध्यक्षहरुलाई सामुहिक जिम्मेवारी दिने ।

- अन्नपूर्ण अपाङ्ग सञ्जालले अपाङ्ग लक्षित कार्यक्रमहरु सञ्चालन गर्न प्रस्ताव पेश गरेकोमा रु तीन लाख बराबरको प्रस्तावना स्विकृत गर्ने साथै बहिरा संघ, जिल्ला समिति म्याग्दी ले पेश गरेको प्रस्तावनाको सम्बन्धमा रु ५०,०००।– ( अक्षेरुपी पचास हजार) कार्यक्रम स्विकृत गर्ने ।
- अन्नपूर्ण गाउँपालिका कार्यालयले सञ्चालन गरेको तेस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन गर्दा लागेको अपुग रकम रु ३७,३५०।– ( अक्षेरुपी रु सैतिस हजार तीन सय पचास मात्र ) राष्ट्रपति रनिङ शिल्ड शिर्षकमा विविध कार्यक्रम शिर्षकबाट रकम ट्रान्सफर गर्ने ।
- अन्नपूर्ण गाउँपालिका कार्यालयले हालसम्म गरेका खर्चहरुको अनुमोदन गर्ने ।

निर्णय प्रमाणित गर्ने:
नामथर: अमृत सुवेदी
दर्जा: प्रमुख प्रशासकीय अधिकृत
मिति: २०७६।१२।१०

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत